# कालिका लघुवित्त वित्तीय संस्था

## Kalika Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको)

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बोजिमम रहेको छ । विवरण सार्वजनिक गरेको अवधि २०८१/०९/०१ गते देखि २०८१/०९/२९ सम्म**

| क्रसं. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त लघुवित्त वित्तीय संस्था । |
| २ | निकायको काम कर्तव्य र अधिकार | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम तथा संस्थाको प्रवन्ध पत्रमा व्यवस्था भए बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | कार्यरत कर्मचारीको संख्या ४०८ जना रहेको छ र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । व्यवस्थापन समूह सदस्यहरूको नाम र पद संस्थाको वेवसाईट www.kalikabank.com.np बाट जानकारी लिन सकिन्छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गको वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरू । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरू संस्थाको वेवसाईट www.kalikabank.com.np अन्तर्गत Branch Networks बाट जानकारी लिन सकिन्छ । |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | संस्थाले प्रदान गर्ने विभिन्न .सेवा, लाग्ने दस्तुर र अवधिको बारेमा संस्थाको वेवसाईटमा प्रकाशित गरिएको छ । |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | संस्थाको कारोबार सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरू विभिन्न तहका अधिकारीहरूले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | सदस्यहरूको गुनासा तथा उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।<br>**श्री कुलचन्द्र पराजुली (प्रमुख कार्यकारी अधिकृत)**<br>कालिका लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय पोखरा, कास्की फोन नं. ०६१–४३४४१२,४३४४१४,४३४४१५ |
| ९ | सम्पादन गरेको कामको विवरण | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "घ" वर्गको वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरू सम्पादन भै रहेको छन् । |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद | **श्री फणिन्द्र पाण्डे**<br>पद : नायव प्रमुख कार्यकारी अधिकृत |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ र देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरू पालना गर्ने गरेको छ ।<br>(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र बैंक ऐन,२०५८ (३) बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन,२०६३ (५) बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन २०६४ (७) धितोपत्र सम्बन्धी ऐन, २०६३ (८) सुरक्षित कारोबार ऐन, २०६३ (९) करार ऐन, २०५६ (१०) उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू ११. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका र परिपत्रहरू<br>१२. संस्थाले कारोबार सञ्चालन गर्नको लागि बनाएको सम्पूर्ण नियम, विनियम, निर्देशिका र परिपत्रहरू । |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्र पत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेको छ । साथै, यस्तो विवरण संस्थाको वेवसाईट www.kalikabank.com.np अन्तर्गत Reports मा समेत उपलब्ध छ । |
| १३ | तोकिए बमोजिमको अन्य विवरण | वित्तीय संस्थाले आवश्यकता बमोजिमको विवरणहरू नियमित रूपमा सम्बन्धित निकायहरूमा पेश गर्ने गरेको तथा सार्वजनिक रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ । |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक | यस संस्थाले बैंकिङ्ग कारोबार सम्बन्धी कारोबार गर्दै आइरहेको छ, तर विशेष प्रकारका कुनै कार्यक्रम |

| | | |
|---|---|---|
| | निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | वा आयोजना सञ्चालन गरेको छैन । |
| १५ | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | संस्थाको आधिकारिक वेवसाइट www.kalikabank.com.np रहेको छ। |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | हालसम्म संस्थाले कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता गरेको छैन । |
| १७ | सार्वजनिक निकायले सार्वजनिक गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | संस्थाले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित हुँदै आएको छ। साथै, यस्तो विवरण संस्थाको वेवसाईटमा पनि अद्यावधिक गरी राखिएको छ। |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो संरक्षण गर्न तोकिएको समयावधि | हालसम्म सूचना वर्गीकरण गरिएको छैन । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माँग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | हालसम्म संस्थामा कुनै निवेदन प्राप्त नभएको । |
| २० | सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाईटमा समेत प्रकाशित गरिएको छ। साथै, संस्थाको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित गरी संस्थाको वेवसाईटमा समेत प्रकाशित गर्दै आइरहेको छ। |